# २०८० चैत १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

नेपाल सरकार
तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्ने। |
| २ | अर्थ मन्त्रालय | आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको ढाँचा र हिस्सा बमोजिम अनुमानित राजस्व सात प्रदेशको लागि रु. ७७ अर्ब ५० करोड, स्थानीय तहको लागि रु. ७७ अर्ब ५० करोड र वित्तीय समानीकरण अनुदानको परिमाण सात प्रदेशको लागि रु.६० अर्ब र स्थानीय तहहरूको लागि रु.८८ अर्ब स्वीकृत गर्ने। |
| ३ | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | चालु आर्थिक वर्ष २०८०/८१ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको प्रति क्विन्टल रु.२७०७/२८ न्यूनतम समर्थन मूल्य तोक्ने।<br>साथै, १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रति क्विन्टल १२०० ग्रामका दरले हुन आउने तौल घटाई कायम हुन आउने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम गर्ने। |
| ४ | वन तथा वातावरण मन्त्रालय | विकास आयोजनाको लागि प्रयोग हुने राष्ट्रिय वनको क्षेत्रफल र कटान हुने रुख सङ्ख्यामा फरक नपर्ने गरी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिनेसम्बन्धी सर्त परिमार्जन गर्न स्वीकृति दिने। |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्डको कार्यकारी समितिको रिक्त ३ सदस्य पदमा श्री ऋषिराम भण्डारी, श्री राजेन्द्रबहादुर लामा र श्री रामप्रसाद सापकोटालाई मनोनयन गर्ने। |
| ६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य सेवाअन्तर्गत विभिन्न समूह/उपसमूहका ११ जना अधिकृतहरूलाई सम्बन्धित समूह/उपसमूहको एघारौं तहमा बढुवा गर्ने। |
| ७ | तथ्याङ्क नियमावली, २०८० स्वीकृत गर्ने। | |
| ८ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पद १ मा श्री हरिप्रसाद लम्साललाई बढुवा गर्ने। | |